आज मिति २०७९।१०।१९ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ व २०७९।०८० को दशौं बैठक गाउँपालिका **अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू** को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी विभिन्न विषयहरु माथि छलफल तथा निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | महेश के सी | सचिव | |
| **आमन्त्रित** | | | |
| १५. | अनिल आचार्य | | |
| १६. | सुरेश पोखेल | | |
| १७. | | | |

**मल्लरानी गाउँपालिकाको मिति २०७९।१०।१९ गतेको १० औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु :**

| क्र सं | प्रस्तावहरु | निर्णयको संक्षिप्त व्यहोरा | कै |
|---|---|---|---|
| १. | ९ औं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • मिति २०७९।०९।२६ गतेको ९ औं कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गर्ने। कार्यान्वयन हुन वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयनका लागि शाखा तथा वडामा पत्राचार गर्ने। | |
| २. | स्वमूल्यांकन नतिजा अनुमोदन सम्बन्धमा। | • मल्लरानी गाउँपालिकाको आ.ब. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता मूल्यांकन नतिजा अनुमोदन गरी सार्वजनिक गर्ने। | |
| ३. | ढुङ्गा गिट्टी बालुवा उत्खनन् सम्बन्धमा। | • मल्लरानी गाउँपालिका क्षेत्र भित्र उत्खनन् गर्नुपर्ने भनी IEE प्रतिवेदनमा उल्लेखित परिमाणको ढुङ्गा गिट्टी बालुवा उत्खनन्को लागि २ पटक सूचना आवह्वान गरिएकोमा कुनै आवेदन प्राप्त नभएकोले उक्त कार्य अमानत बाट गर्ने। | |

<u>निर्णयहरु :</u>

१. मिति २०७९।०९।२६ गतेको ९ औं कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो साथै कार्यान्वयन हुन वाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयनका लागि शाखा तथा वडामा पत्राचार गर्ने।

२. मल्लरानी गाउँपालिकाको आ.ब. २०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता मूल्यांकन गरी जिल्ला समन्वय समिति प्यूठानमा पृष्ठपोषणका लागी पठाईएककोमा जिल्ला समन्वय समिती प्यूठानबाट पृष्ठपोषण सहित नतिजा प्राप्त भएको। सो पृष्ठपोषण पश्चात जम्मा ७३.७५ अंक प्राप्त भएको र प्राप्त अंक अनुसूची १ बमोजिमको सूचकगत रुपमा छलफल र विश्लेशण भयो। आगामी दिनहरुमा यस गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालयलाई यस आ.ब. मा समेत नतिजा उत्कृष्ट बनाउनका निम्ती शाखागत रुपमा कार्यविधिको सूचकका आधारमा कार्यान्वयन गर्न निर्देशन दिने। साथै प्राप्त नजिता कार्यालयको वेबसाईटमा तथा सूचना पार्टी मार्फत सार्वजनिक गर्ने र सोको जानकारी जिल्ला समन्वय समिति प्यूठान, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौ र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय बुटवलमा ७ दिनभित्र पठाउने।

३. मल्लरानी गाउँपालिका क्षेत्र भित्र उत्खनन् गर्नुपर्ने भनी IEE प्रतिवेदनमा उल्लेखित परिमाणको ढुङ्गा गिट्टी बालुवा उल्खनन्को लागि २ पटक (मिति २०७९/०९/२० गते १५ दिनको र २०७९/१०/०५ गते ७ दिनको ) सूचना आवह्वान गरिएकोमा कुनै आवेदन प्राप्त नभएकोले उक्त कार्य अमानत बाट गर्न मल्लरानी गा पा वडा नं ४ निवासी श्री टोप बहादुर पाण्डे संग उत्खनन् गर्दा राजश्व बापत संकलन हुने रकम को २० प्रतिशत निजलाई उपलब्ध गराउने र ८० प्रतिशत गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्ने गरी सम्झौता गर्ने।

महेश के.सी.
प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका

Mallarani Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipal Executive

खलंगा, प्यूठान, लुम्बिनी प्रदेश नेपाल

Khalanga, Pyuthan, Lumbini Province Nepal

Phone: ०८६-४२०१८०

Email: info@mallaranimun.gov.np

Website: www.mallaranimun.gov.np


प.सं./F/Y: २०७९/०८०

च.नं./Ref.No.:

मिति: २०७९/१०/१९

**स्थानीय तह संस्थागत क्षमता स्वमूल्याँकन (LISA) को अन्तिम नतिजा सार्वजनिक सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस मल्लरानी गाउँपालिकाको मिति २०७९/१०/१९ गतेको १० औं गाउँ कार्यपालिकाको बैठकबाट अनुमोदन गरिएको यस मल्लरानी गाउँपालिकाको आ.ब. २०७८/०७९ को मल्लरानी गाउँपालिकाको संस्थागत क्षमता मूल्याङ्कन (LISA) को स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन कार्यविधि २०७७ (पहिलो संशोधन २०७८ को दफा ४ (झ)) बमोजिम तपसिलको अन्तिम नतिजा सार्वजनिक गरिएको सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.सं. | विषय क्षेत्र | पूर्णङ्क | प्रासाङ्क | प्रास प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | शासकीय प्रबन्ध | ९ | ८.५ | ९४.४४ | |
| २. | संगठन तथा प्रशासन | ८ | ७ | ८७.५ | |
| ३. | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ९ | ८१.८२ | |
| ४. | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | ९.५ | ८६.३६ | |
| ५. | सेवा प्रवाह | १६ | १५.२५ | ९५.३१ | |
| ६. | न्यायिक कार्य सम्पादन | ७ | ७ | १०० | |
| ७. | भौतिक पूर्वाधार | १३ | ४.५ | ३४.६२ | |
| ८. | सामाजिक समावेशीकरण | १० | ७.५ | ७५ | |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ३.२५ | ३६.११ | |
| १०. | सहकार्य र समन्वय | ६ | २.२५ | ३७.५ | |
| जम्मा औषत प्रतिशत | | १०० | ७३.७५ | | |

महेश के.सी.

प्रमुख प्रशासकीय अधिकृत